झ) कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने अधिकार यस नगरपालिकामा सुरक्षित हुनेछ । वोलपत्र पेश गर्दा वोलपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको वोलपत्रलाई बदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको वोलपत्रउपर कुनै कार्यवाही हुने छैन ।

ञ) ढुंगा, गिट्टी, वलुवा सम्बन्धमा केन्द्रीय अनुगमन समिति, प्रदेश अनुगमन समिति, जिल्ला अनुगमन समिति एवं नगर स्तरीय अनुगमन समितिबाट निर्देशन भए वमोजिम हुनेछ ।

ट) ढुंगा, गिट्टी, वालुवाको अनुगमन कार्य गर्दा जि.स.स. सर्लाहीको स्वीकृत इआइए (EIA)प्रतिवेदनमा उल्लेखित शर्तहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ । ती शर्तहरुको पालना गर्दा वातवारणीय नकारात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्यहोर्नु पर्नेछ । नेपाल सरकार, प्रदेश सरकार तथा यस नगरपलिकाबाट वन्देज लगाईएको अवधिभर नदिबाट ढुंगा, गिट्टी, वालुवा संकलन गर्न पाईने छैन ।

ठ) सम्मानित अदालत, नेपाल सरकार, प्रदेश सरकार तथा यस नगरपालिकाको नीति निर्देशन तथा आदेशको पालना गर्नु / गराउनु र लागू गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति वा हानी नेक्सानी हुन गएमा ठेकेदारले नगरपालिकासँग सो को क्षतिपूर्तिको दावी गर्न पाउने छैन ।

ड) यस सूचनामा उल्लेख नभएका विषयहरु यस नगर कार्यपालिकाको निर्णय र प्रचलित कानून वमोजिम हुनेछ ।

ढ) बोलपत्र सम्बन्धमा अन्य कुनै कुरा वुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत